सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री कुमार रेग्मी

फैसला

मुद्दा नं.:- ०७४-RB-००८०

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १५ स्थित सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.को अख्तियार प्राप्त ऐ. का कर्मचारी कपिल देव महतो १	<u>पुनरावेदक</u> प्रतिवादी

<u>*विरुद्ध*</u>

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर १	<u>प्रत्यर्थी</u> वादी

मुद्दा नं.:- ०७४-RB-००८३

ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरको तर्फबाट ऐ. कार्यालयका प्रमुख कर प्रशासक जगदीश रेग्मी...१	<u>पुनरावेदक</u> वादी

<u>*विरुद्ध*</u>

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १५, सातदोबाटोस्थित सिद्धिगणेश ईन्टरप्राइजेज प्रा.लि...१	<u>प्रत्यर्थी</u> प्रतिवादी

मुद्दाः- <u>आयकर(आ.व.०६६।०६७)।</u>

<u>शुरु फैसला गर्नेः</u>- **माननीय अध्यक्ष श्री दीपककुमार कार्की**

लेखा सदस्य श्री भोलाप्रसाद खकुरेल

राजस्व सदस्य श्री यज्ञबल्क उपाध्याय

राजश्व न्यायाधिकरण, काठमाडौं

फैसला मितिः- **२०७०।०६।१५**

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर र सिद्धिगणेश इन्टरप्राइजेज प्रा. लि.को तर्फबाट समेत पुनरावेदनको अनुमती पाऊँ भन्ने निवेदन परेकोमा यस अदालतबाट राजश्व न्यायाधिकरण

ऐन,२०३१ को दफा ८ बमोजिम अनुमति प्रदान भई पुनरावेदनको रोहबाट पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

तथ्य-खण्ड

१. सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले. आ.व. २०६६।०६७ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.१,०४,५२,०२९।४२ कायम गरी ठूला करदाता कार्यालयमा मिति २०६७।०९।२८ मा आय विवरण पेस गरेका रहेछन्।

२. करदाताबाट पेस भएको आ.व.२०६६।०६७ को आय विवरणको विस्तृत छानविन गर्ने क्रममा खाता, वही, बिल, भौचर, प्रमाण र फाँटवारी आदि परीक्षण गर्दा ऐन बमोजिम कट्टी गर्न नपाउने देखिएको खर्च रकम छुट नदिई संशोधित कर निर्धारण गर्नपर्ने देखिएको हुँदा सो बमोजिम गर्न नपर्ने भए त्यस सम्बन्धमा सबुद प्रमाण भए १५ दिनभित्र पेस गर्नुहुन भनी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालयको तर्फबाट करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.लाई मिति २०६८।१०।२९ मा सूचना दिएको।

३. मिति २०६८।१०।२९ को सूचनामा उल्लेखित रकमहरुको सम्बन्धमा असम्बन्धित व्यक्तिलाई सापटी दिएको भनिएको रकमको सम्बन्धमा व्यवसायको सिलसिलामा ती व्यक्तिहरुलाई रकम उपलब्ध गराएको हो। अग्रिम भुक्तानी दिएको रकम सम्बन्धमा कारोबारकै सन्दर्भमा धरौटी र पेश्की दिएको हो। ढुवानी खर्च हिमालयन डिष्टीलरीसँग भएको समझदारी अनुसार नै सो खर्च भएको हो। साथै, अन्य रकमहरु समेत हाम्रो कम्पनीको आय आर्जनसँग सम्बन्धित रकमहरु हुँदा खर्च कट्टी पाउनु पर्छ भन्नेसमेत बेहोरा उल्लेख गरी करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.को तर्फबाट ठूला करदाता कार्यालयमा मिति २०६८।११।१४ मा जवाफ दर्ता गराएको।

४. करदाताको आ.व.२०६६।०६७ को लागि करयोग्य आय जम्मा रु.२,२१,०५,९८५।- आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय कायम गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०६८।११।२८ गतेका दिन संशोधित कर निर्धारण गर्न निर्णय पर्चा खडा भएको र सो बमोजिम करदाताको नाममा मिति २०६८।११।२९ मा संशोधित कर निर्धारण आदेशको सूचना जारी भएको।

५. मिति २०६८।११।२८ को कर निर्धारण निर्णयमा चित्त नबुझाई करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिएकोमा करदाताको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया तथा सक्कल फाइलसाथ संलग्न कागजातहरुको अध्ययन तथा विश्लेषण गर्दा कार्यालयले गरेको संशोधित कर निर्धारणको निर्णय कानूनसम्मत भएको देखिएकोले निवेदकले लिएका निवेदन जिकिर पुग्न नसक्ने भई खारेज हुने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट मिति २०६९।०५।२५ मा भएको निर्णय।

६. ठूला करदाता कार्यालयको मिति २०६९।११।२८ को निर्णय तथा आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५ को निर्णय अनुसार तपसिलमा उल्लेखित रकमलाई थप आय कायम गरी संशोधित कर निर्धारण गर्ने गरी गरिएको निर्णय न्याय र कानूनसम्मत नहुँदा उक्त आदेश र निर्णय उल्टी गरी न्याय पाऊँ भन्नेसमेत बेहोरा उल्लेख गरी करदाताले मिति २०६९।०८।०७ मा राजस्व न्यायाधिकरणमा पुनरावेदनपत्र दर्ता गरेको।

- असम्बन्धित व्यक्तिलाई सापटी दिएको रकम रु. ....रु.७,५१,१११।-
- पेश्की रकम ....रु.८६,०३,७५६।५९
- ढुवानी खर्च...रु.२०,०४,०००।-
- रोविन ट्रेड सेन्टरलाई घटी विक्री गरेको रकम ....रु.२०,३२०।-
- सवारी साधनको मर्मत खर्च ....रु.५७,३४७।८७
- Own you vehicle Scheme अन्तर्गत सवारी साधनको ह्रास खर्च...रु.२१,७४,४२०।२७

७. यसमा मर्मत खर्च कटी अमान्य गर्ने गरी गरेको शुरु कार्यालयको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.वं.२०२ नं. बमोजिम छलफलको लागि सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेस गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०३।३० मा भएको आदेश।

८. ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६८।११।२८ को निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५ को निर्णयले बढी रकम भुक्तानी दिएको र ढुवानी खर्च सम्बन्धमा गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहर्छ। असम्बन्धित व्यक्ति तथा फर्मलाई दिएको निर्ब्याजी सापटी, घटी बिक्री देखाएको रकम, मर्मत खर्च र ह्रास खर्च सम्बन्धमा गरेको निर्णय मिलेकै देखिँदा सदर हुने ठर्हछ भन्नेसमेत बेहोराको राजस्व न्यायाधिकरण, काठमाण्डौंको मिति २०७०।०६।१५ को फैसला।

९. प्रस्तुत मुद्दामा करदाताले ब्याज खर्चका सम्बन्धमा एकातिर करदाताले पूँजीको अभावका कारण विभिन्न बैंकबाट Loan लिई व्यवसाय संचालन गरेको जिकिर गरी सोको ब्याज खर्च दावी गरेको छ भने अर्कोतिर यस आ.व. २०६६।०६७ मा हिमालयन डिस्ट्रिलरी प्रा.लि. लाई सामान खरिदको तुलनामा अस्वभाविक रुपमा ठुलो रकम बिना ब्याजमा पेश्की दिएको अवस्था छ। यसरी पूँजीको अभाव रहेको करदाताले ठुलो रकम निर्ब्याजी पेश्की दिई सो रकम समेतमा लाग्ने ब्याज बाराबरको थप दायित्व सिर्जना गरेको करदाताले खर्च कट्टी दावी गरेको अवस्थामा करदाता आफैले तिर्नु पर्ने ब्याजदरले हुन आउने रकम बराबर आयकर ऐन, २०५८ क दफा १४ को समुचित विश्लेषण गर्नुपर्नेमा सो सम्बन्धमा केही उल्लेख नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला त्रुटिपूर्ण छ। ढुवानी बापतको खर्च रु.२०,०४,०००।- का सम्बन्धमा सम्झौतामा नै प्रष्ट उल्लेख भएकोमा कसै न कसैले राज्यसँग दावी गर्ने तथ्य समेतका आधारमा जो जसले जे काम गर्ने भनी करार भएको छ र करार ऐन, २०५६ को दफा ७२(२) समेतको रोहमा उत्पादक नरहेको विपक्षी

कारदाताले ढुवानी बापतको खर्च माग गर्न नमिल्ने विषयलाई अमान्य गर्नु करअधिकृतको अधिकारका अतिरिक्त दायित्व पनि हो। प्रस्तुत विषय निरपेक्ष आयआर्जनका लागि ढुवानी खर्च हो वा करार विषय अवयव पनि हो भनी निराकरण नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी पाऊँ भन्नेसमेत बेहोराको ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरको तर्फबाट पुनरावेदनको अनुमतीको लागि यस अदालतमा दर्ता भएको निवेदनपत्र।

१०. संस्थासँग असम्बद्ध व्यक्तिलाई पेश्की दिइएको कारोबारलाई असम्बद्ध व्यक्ति बीच (arms length) को कारोबार मानिन्छ। असम्बद्ध व्यक्ति बीच आफूलाई हानी नोक्सानी पुऱ्याउने र अर्कालाई फाइदा पुऱ्याउने नियतले कारोबार हुँदैन। यस अवस्थामा कर छल्ने उद्देश्यले कार्य गरेको हुँदैन। असम्बद्ध व्यक्तिको कारोवारलाई वास्तविक कारोबार मानिने विधायिकाको मनसाय ऐनको दफा २(क) (न) र ३३ मा अभिव्यक्त छ। त्यसमा पनि यस आ.व. मा Liquor mart Pvt. Ltd. सँग मिति २०६६।११।१५ मा रु.५५,१४,१३५।- बराबरको सामान खरिद भएको छ। तसर्थ, असम्बद्ध व्यक्तिलाई दिइएको पेश्की रकमको ब्याज खर्च बराबर अमान्य गरी भएको निर्णय ऐनको दफा १३(ग) र १४(१) प्रावधान प्रतिकूल छ। घटी बिक्री देखाएको फरक रकम सम्बन्धमा कुनै बिक्री नदेखाएको वा लुकाएको नभै मानवीय भुलबस केही कम उल्लेखनसम्म भएकोले यसमा कम्पनीको कर दायित्वलाई प्रभाव पार्ने नियतबाट कार्य नगरेको हुँदा ऐनको दफा ३५(ख) अनुसार गरी पाऊँ। सवारी साधन मर्मत सम्बन्धमा ऐनको दफा १६(२) अनुसार आय वर्ष अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधारमा ७% बराबरको रकम मर्मत तथा सुधार खर्च बापत कट्टी गर्न पाउनेमा तोकिएको सिमा भित्रै रही भएको खर्चलाई अमान्य गरिएकोले ऐन प्रतिकूल छ। निवेदक कम्पनीले कर्मचारीलाई उपलब्ध गराएको सवारी साधन कम्पनीको सवारी साधन होइन भनी सवारी साधनको समुहबाट बाहेक गरिएको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २(क्ष) बमोजिम सवारी साधनको दर्तावाला नै सवारी साधनको विधिवत् धनी हुन्छ। उक्त सवारी साधन कर्मचारीलाई प्रयोग गर्न उपलब्ध गराइएको तथा भविष्यमा कर्मचारीले खरिद गर्न सक्ने प्रबन्ध भएको आधारमा कम्पनीको नाउँमा विधिवत दर्ता भई कम्पनीको काममा कर्मचारीले प्रयोग गरेको सवारी साधन कम्पनीको ह्रासयोग्य सम्पत्तिबाट हटाई मर्मत खर्च नदिने निर्णय ऐनको दफा २(क) (र), दफा १९, दफा २७(ख)(१) तथा दफा ४० समेतको गंभीर त्रुटी भएको छ। अतः निवेदकलाई हराई भएको हदसम्मको राजस्व न्यायाधिकरण काठमाडौको फैसला उल्टी गरी न्याय गरी पाऊँ भन्नेसमेत बेहोराको करदाता सिद्धिगणेश इन्टरप्राइजेजको तर्फबाट पुनरावेदनको अनुमतिको लागि यस अदालतमा दर्ता भएको निवेदनपत्र।

११. यसमा आफ्नो कर्मचारीलाई सवारी साधन खरीद गरी प्रयोगमा दिने तर सोको स्वामित्व प्रा.लि. नै रहने भन्ने शर्त रहेको सन्दर्भमा सो सवारी साधनको मर्मत र ह्रास खर्च कट्टी नदिएको ठूला कर दाता कार्यालयको निर्णय सदर गर्ने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको निर्णयमा आयकर ऐन, २०५८ को दफा ७ को उपदफा(२) को खण्ड (घ), दफा २७ को उपदफा (१) को खण्ड

(ख) समेतको व्याख्यात्मक त्रुटि देखिएकोले राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ८ को खण्ड (ख) र (घ) बमोजिम पुनरावेदन गर्न अनुमति प्रदान गरिदिएको छ। नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०७४।०५।३० मा भएको आदेश।

१२. यसमा करदाताले ठुलो रकम निर्ब्याजी पेश्की दिई सो रकम समेतमा लाग्ने ब्याज बराबरको थप दायित्व सिर्जना गरी खर्च कट्टी दाबी गरेको र ढुवानी खर्च बापतको सम्झौताको व्याख्यात्मक प्रश्न समेत समावेश भएको देखिएकोले राजस्व न्यायाधिकरणबाट भएको फैसला विचारणीय देखिएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (ख) र (घ) बमोजिम पुनरावेदन गर्न अनुमति प्रदान गरिदिएको छ। नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०७४।०५।३० मा भएको आदेश।

ठहर-खण्ड

१३. नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएका प्रस्तुत मुद्दाहरुको निवेदनपत्र लगायत मिसिल संलग्न सम्पूर्ण कागजातहरुको अध्ययन गरियो। पुनरावेदक ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले, विपक्षी करदाता कार्यालयले हिमालयन डिस्ट्रिलरी प्रा.लि. लाई सामान खरिदको तुलनामा अस्वभाविक रुपमा ठुलो रकम निर्ब्याजी रुपमा पेश्की दिएको अवस्थामा सो बापतको ब्याज रकम कट्टी हुन सक्दैन। साथै, करदाता उत्पादक कम्पनी नभएको अवस्थामा ढुवानी खर्चसमेत कट्टी हुने भनी राजश्व न्यायधिकरण, काठमाण्डौंबाट भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको हुँदा बदर गरी शुरु ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट भएको संशोधित कर निर्धारणको निर्णय सदर गरी पाऊँ भन्नेसमेत बहस गर्नुभयो।

१४. पुनरावेदक करदाता सिद्धिगणेश इन्टरप्राइजेजको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री नारायण प्रसाद दुवाडी र श्री चिरञ्जीवी नेपालले, विपक्षी ठुला करदाता कार्यालयले करदाता सिद्धिगणेश इन्टरप्राइजेजले असम्बन्धित व्यक्तिलाई सापटी दिएको भनिएको रकम करदाताबाट व्यवसायकै सिलसिलामा उपलब्ध गराइएको हुँदा सोलाई वास्तविक कारोबार नै मान्नुपर्ने हुन्छ। रोविन ट्रेड सेन्टरलाई घटी बिक्री देखाएको सम्बन्धमा करदाता कम्पनीले कर दायित्वमा प्रभाव पार्ने नियतले नभई भुलबस केही कम उल्लेख हुन गएकोसम्म हो। सवारी साधनको मर्मत खर्च र कर्मचारीलाई सुविधा बापत दिइएको सवारी साधनको ह्रास खर्च कानून बमोजिम कट्टी गर्न पाउने नै अवस्थामा कट्टी नहुने भनी भएको हदसम्म राजश्व न्यायाधिकरण, काठमाण्डौंको फैसला त्रुटीपूर्ण भएकोले सो हदसम्म बदर गरी पाऊँ भन्नेसमेत बहस गर्नुभयो।

१५. उपर्युक्त तथ्य र बहस जिकिर भएको प्रस्तुत मुद्दामा राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०६।१५ मा भएको फैसला मिलेको छ, छैन? पुनरावेदक ठुला करदाता कार्यालय, हरिहरभवन तथा सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. को पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णयतर्फ विचार गर्दा, करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले आ.व. २०६६।०६७ का लागि करयोग्य आय रु. १,०४,५२,०२९।४२ कायम गरी ठुला करदाता कार्यालयमा आय विवरण पेस गरेकोमा ठुला करदाता कार्यालयले करदाताको उक्त आ.व. को लागि करयोग्य आय रु.२,२१,०५,९८५।- कायम गरी मिति २०६९।११।२८ मा संशोधित कर निर्धारणको निर्णय गरेको र सो निर्णय उपर करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागसमक्ष निवेदन दिएकोमा विभागबाट ठुला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको निर्णय नै सदर हुने गरी मिति २०६९।०५।२५ मा निर्णय भएको देखिन्छ।

१७. आन्तरिक राजस्व विभागबाट भएको उक्त निर्णय उपर करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.को तर्फबाट राजश्व न्यायाधिकरण, काठमाण्डौंमा पुनरावेदन परेकोमा आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५ को निर्णयले बढी रकम भुक्तानी दिएको र ढुवानी खर्च सम्बन्धमा गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने र असम्बन्धित व्यक्ति तथा फर्मलाई दिएको निर्ब्याजी सापटी, घटी बिक्री देखाएको रकम, मर्मत खर्च र ह्रास खर्च सम्बन्धमा गरेको निर्णय सदर हुने भनी राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०६।१५ मा फैसला भएको देखिन्छ।

१८. राजश्व न्यायाधिकरणबाट आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५ को निर्णयले बढी रकम भुक्तानी दिएको र ढुवानी खर्च सम्बन्धमा गरेको निर्णय सो हदसम्म उल्टी हुने गरी भएको फैसलाको हदसम्म चित्त नबुझाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट र असम्बन्धित व्यक्ति तथा फर्मलाई दिएको निर्ब्याजी सापटी, घटी बिक्री देखाएको रकम, मर्मत खर्च र ह्रास खर्च सम्बन्धमा गरेको निर्णय सदर हुने भएको फैसलाको हदसम्म चित्त नबुझाई सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. को तर्फबाट पुनरावेदन दायर गर्न अनुमति पाऊँ भनी यस अदालतमा दोहोरो निवेदन परेकोमा यस अदालतबाट मिति २०७४।०५।३० मा पुनरावेदन गर्ने अनुमति प्रदान भई प्रस्तुत मुद्दाहरु पुरावेदनको रोहमा दर्ता भई निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको पाइयो।

१९. करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले आ.व. २०६६।०६७ मा हिमालयन डिस्ट्रिलरी प्रा.लि. लाई सामान खरिदको तुलनामा अस्वभाविक रुपमा बढी रकम पेश्की दिएको हुँदा सो रकममा लाग्ने ब्याज समेत कट्टी गर्न नमिल्ने भन्ने ठुला करदाता कार्यालयको पुनरावेदनतर्फ विचार गर्दा, करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. र हिमालयन डिस्ट्रिलरीबीच मिति २०६६।०४।०६ मा मदिरा बिक्री वितरण सम्बन्धी करारनामा भएको भन्ने तथ्य मिसिलसंलग्न उक्त करारनामाको प्रतिलिपीबाट देखिन्छ। उक्त करारनामाको प्रस्तावना समेतमा उल्लिखित बेहोराबाट करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. हिमालयन डिष्ट्रीलरीको Sole National Distributor को रुपमा रही व्यापारिक कार्य गर्ने गरी कम्पनीहरुबीच सम्झौता भएको भन्ने देखिन्छ। उक्त करारनामाको बुँदा नं. ३ मा नेसनल डिस्ट्रिव्यूटरले सामान अर्डर गर्दा अग्रिम भुक्तानी गर्नु पर्नेछ। रकम प्राप्त भएजति मूल्य बराबरको सामान मात्र कम्पनीले नेसनल डिस्ट्रिव्यूटरलाई आपूर्ति गर्नेछ। यदि कम्पनीलाई उपयुक्त

लागेमा कम्पनीको तर्फबाट दावी गर्नासाथ भूक्तानी दिने शर्त सहितको बाणिज्य बैंकहरुबाट जारी भएको प्रतितपत्र (Letter of Credit) का आधारमा समेत सामान पठाउन सकिनेछ भन्ने उल्लेख भएको पाइन्छ। साथै, बुँदा नं. १३ मा कम्पनीका उत्पादनहरु विक्री वितरण गर्नका लागि नेशनल डिष्ट्रीव्यूटरले न्यूनतम रु. ९,००,००,०००।- (अक्षरुपी नौ करोड मात्र) कम्पनीलाई वर्ष भरिका लागि पेश्की स्वरुप प्रबन्ध गर्नु पर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ।

२०. ठूला करदाता कार्यालय, हरिहरभवनबाट करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.को संशोधित कर निर्धारण गर्दा उल्लिखित करारनामाको बुँदा ३ नं. मा गरिएको व्यवस्थालाई आधार मानी कारोबार भन्दा बढी रकम पेश्कीको रुपमा दिन नमिल्ने भनी निर्णय गरेको देखिन्छ। उल्लिखित करारनामाकै आधारमा करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले हिमालयन डिष्ट्रीलरीसँग ३३४ करोडको सामान खरिद गरेको भन्ने देखिन्छ। उक्त रकम बराबरको खरिदको लागि सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले अग्रिम पेश्की स्वरुप रु. ८६,०३,७५६।५९ मात्र दिएकोमा उक्त पेश्की रकम सामान खरिदको जम्मा रकमको १ प्रतिशत भन्दा कम देखिएको अवस्थामा खरिदको तुलनामा अस्वभाविक रुपमा बढी रकम अग्रिम भुक्तानी दिएको भन्न मिल्ने देखिएन। करारनामामा उल्लेख भएका प्रत्येक बुँदा स्वतन्त्र रुपमा राखिएको हुँदा स्वतन्त्र रुपमा नै व्याख्या गरिनु पर्ने हुन्छ र आवश्यकता अनुसार सामाञ्जस्यपूर्ण व्याख्या गर्नु पनि पर्ने हुन्छ तर एउटा व्यवस्थाले अर्को व्यवस्थालाई निश्प्रयोजन गर्न भने मिल्दैन। तसर्थ, करारनामाको उल्लिखित बुँदा नं. ३ मा भएको रकम प्राप्त भए जति मूल्य बराबरको मात्र सामान आपूर्ति हुने भन्ने व्यवस्थाले बुदा नं. १३ मा उल्लेख भएको ९ करोड पेश्की स्वरुप दिनपर्ने भन्ने व्यवस्थालाई निश्प्रयोजन गर्न मिल्दैन।

२१. दुई पक्षबीच भएको करारनामाको बुँदा नं. १३ मा कम्पनीका उत्पादनहरु बिक्री वितरण गर्नका लागि नेशनल डिष्ट्रीव्यूटरले न्यूनतम रु. ९,००,००,०००।- (अक्षरुपी नौ करोड मात्र) कम्पनीलाई वर्ष भरिका लागि पेश्की स्वरुप प्रबन्ध गर्नु पर्नेछ भन्ने प्रावधान रहेकोमा शुरुमा कम रकम धरौटी राखी सामान लिई व्यवसाय गरी आएको र पछि दुवै पक्षको व्यवसायिक सम्बन्धको कारणले केही बढी उपलब्ध गराएको हो भन्ने करदाताले शुरु कार्यालयमा आयकर ऐन, २०५८ को दफा १०१(६) को सूचनाको जवाफमा र प्रशासकीय पुनरावलोकनको निवेदनमा समेत उल्लेख गरेको देखिन्छ। व्यापारिक कारोबारमा करारनामा अनुसार उपलब्ध गराउनु पर्ने रकम करार गर्ने पक्षले केही बढी वा केही कम भएको अवस्थामा पनि स्विकार गर्छन् भने उनीहरुको त्यस्तो व्यवहारलाई अस्विकार गर्न सकिने अवस्था हुँदैन। करारको प्रावधानको व्याख्या गर्दा करारका पक्षहरुको अभिप्राय (Intention) को आधारमा गर्नुपर्ने हुन्छ। करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. हिमालयन डिष्ट्रीलरीको Sole National Distributor को रुपमा रहने गरी करारनामा गरी सोही बमोजिम व्यापारिक कारोबार गरि आएको भन्ने देखिँदा उक्त करदाता सिद्धिगणेश इन्टरप्राइजेजले हिमालयन डिस्ट्रिलरीलाई उपलब्ध गराएको पेश्की रकमलाई आय आर्जनकै कार्यको सिलसिलामा उपलब्ध गराएको मान्नुपर्ने देखियो।

२२. **आयकर ऐन, २०५८ को दफा १४ मा "कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउने छ भन्ने व्यवस्था भई देहाय (क) मा कुनै रकम ऋण लिए बापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा (ख) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको। तर त्यस्तो ऋण दायित्व व्यवसाय वा लगानीबाट आयआर्जन हुने कार्यका लागि सिर्जना भएको हुनु पर्नेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले हिमालयन डिस्ट्रिलरी लि.लाई सामान खरिदको क्रममा करारनामा बमोजिम उपलब्ध गराएको पेश्की रकम करदाता कम्पनीको आय आर्जनसँग सम्बन्धित रहेको देखिँदा सो रकममा तिरेको ब्याज खर्च कट्टी गर्न नपाउने भन्न मिल्दैन। तसर्थ, उक्त पेश्की रकममा ब्याज खर्च कट्टी नदिने गरी भएको ठुला करदाता कार्यालयको निर्णय उल्टि हुने ठहरी भएको राजस्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन।

२३. अब करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले ढुवानी खर्च बापत रु.२०,०४,०००।- कट्टी दिन नमिल्ने भन्ने ठुला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, करदाता र हिमालयन डिष्ट्रीलरीबीच भएको करारनामामा ढुवानी खर्च उत्पादक कम्पनीले व्यहोर्ने भनी उल्लेख भएकाले त्यस्तो ढुवानी खर्च कट्टी नपाउने भन्ने शुरु कार्यालयको निर्णय देखिन्छ। करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. र हिमालयन डिस्ट्रिलरीबीच भएको करारनामाको बुँदा नं. ४ मा नेशनल डिस्ट्रिव्यूटरले अन्य डिस्ट्रिव्यूटरहरुलाई वस्तुको हस्तान्तरण गर्ने व्यवस्था स्वयंले मिलाउनु पर्नेछ। यदि नेशनल डिस्ट्रिव्यूटर को गोदामबाट डिस्ट्रिव्यूटरको गोदामसम्म सामान पठाउँदा सो को लाग्ने ढुवानी र मार्गस्थल बीमा खर्च हिमालयन डिस्ट्रिलरीले बेहोर्ने छ भन्ने उल्लेख हुनुका साथै अनलोडिङ्ग गराउने जिम्मेवारी नेशनल डिस्ट्रिव्यूटर को हुनेछ भन्ने पनि उल्लेख भएको देखिन्छ। करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. ले हिमालयन डिस्ट्रिव्यूटरले ठूला सवारी साधनबाट आफ्नो कम्पनीको गोदाममा ठूलो परिमाणमा सामान आपूर्ति गर्दछ र गल्ली गल्लीमा हुने पसलमा साना सवारी साधनबाट आफ्नो कम्पनीले ढुवानी गरेको; आफ्नो कम्पनीले प्राप्त गरेको मदिरा डिष्ट्रीव्यूटर बाहेक अन्य व्यक्ति, संस्था वा कुनै समारोहका लागि पनि बिक्री गरिएको भन्ने समेत जिकिर लिएको देखिन्छ। करारनामामा नेशनल डिष्ट्रीब्यूटरले डिष्ट्रीव्युटरहरुलाई मात्र मदिरा बिक्री वितरण गर्ने भनिए पनि करारनामाको सर्त विपरित अन्य व्यक्ति, संस्था वा समारोहमा बिक्री गरिएको हो भने हिमालयन डिष्ट्रीलरीले प्रश्न उठाउन सक्ने हो, सो डिष्ट्रीलरीले प्रश्न उठाएको भन्ने देखिँदैन। यस अवस्थामा करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. ले व्यवसायिक आय आर्जनकै लागि उल्लिखित रकम ढुवानी खर्च बापत खर्च भएको भनी खर्च कट्टी दावी गरेको कुरालाई अस्वभाविक मान्नपर्ने देखिँदैन। तसर्थ, करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. लाई ढुवानी खर्च कट्टी नदिने गरी भएको

शुरु कार्यालयको निर्णय उल्टि हुने ठहरी भएको राजश्व न्यायाधिकरणको फैसला अन्यथा देखिन आएन।

२४. करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले असम्बद्ध व्यक्तिलाई दिइएको पेश्की रकमको ब्याज खर्च बराबर रकम कट्टी गरेको अमान्य गरी भएको शुरु निर्णय सदर गरेको राजश्व न्यायाधिकरणको फैसला आयकर ऐनको दफा १३(ग) र १४(१) प्रावधान प्रतिकूल छ भन्ने करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. को पुनरावेदन जिकिरतर्फ विचार गर्दा, व्यवसायसँग असम्बन्धित व्यक्ति तथा फर्मलाई निरर्ब्याजी सापटी दिएको रकमको हुने ब्याज खर्च रु.७,५१,१११।- कट्टी नदिने भन्ने शुरु कार्यालयको निर्णय देखिन्छ। कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधिनमा रही कारोबारसँग सम्बन्धित (ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउनेछ भनी आयकर ऐन, २०५८ को दफा १३(ग) मा उल्लेख भएको पाइयो। ऐ. ऐनको **दफा १४ मा "... कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउने छ भन्नेसमेत व्यवस्था"** रहेको पाइयो। प्रस्तुत कानूनी व्यवस्थाको सन्दर्भमा करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले व्यवसायको विस्तारको सिलसिलामा रकम उपलब्ध गराएको भन्ने जिकिर लिएको भए तापनि व्यापार व्यवसायसँग ती व्यक्ति वा फर्म कसरी सम्बन्धित भए, के कस्तो कार्यको लागि रकम सापटी दिएको हो, त्यसरी रकम सापटी दिएबाट करदातालाई आय आर्जन गर्ने कार्यमा के कस्तो सहयोग पुऱ्यायो? भन्ने सम्बधमा करदाताले पुष्टि गर्न सकेको देखिएन। तसर्थ, करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले बैंकबाट ब्याज तिर्ने गरी ऋण लिई सो ऋण असम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराएको अवस्थामा उक्त ऋणमा लाग्ने ब्याज खर्च कट्टी दिन नमिल्ने भनी भएको शुरु निर्णयलाई सदर गरेको राजश्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन।

२५. घटी बिक्री देखाएको फरक रकम सम्बन्धमा विचार गर्दा, करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले रोविन ट्रेड सेन्टरलाई आ.व. ०६६।०६७ मा रु.९,९८,०९,८१३।७० मूल्य बराबरको बिक्री गरेको भन्ने देखिन्छ। रोविन ट्रेड सेन्टरको लेजर अनुसार उक्त आ.व.मा रु.९,९८,३०,१३३।७० को सामान मात्र खरिद गरेको देखिन्छ। सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले जारी गरिएको विल नं. २४१ बाट रु.६,१२,६६६।- आफ्नो लेजरमा इन्ट्री हुनुपर्नेमा रु. ५,९४,६४७१- मात्र उल्लेख गरेको देखिँदा रु.२०,३२०।- फरक परेको देखिँदा त्यसरी घटी बिक्री देखाएको फरक रकमलाई आयमा समावेश गरेको देखियो। यस सम्बन्धमा करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले रोविन ट्रेड सेन्टरसँगको बिक्री नदेखाएको वा लुकाएको नभै मानवीय भुलबस केही रकम कम उल्लेखनसम्म भएको भन्ने तथ्य पुनरावेदनपत्रमा नै स्वीकार गरेको देखिँदा उक्त घटी बिक्री देखिएको रकमलाई

कट्टी गर्न नमिल्ने भनी भएको शुरु निर्णय सदर गरी भएको राजश्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन।

२६. आयकर ऐन, २०५८ को दफा १६(१) मा कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ भन्ने व्यवस्था भई उपदफा (२) मा त्यस्तो खर्च कट्टी गर्दा सो आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको ह्रास आधार रकममा कट्टा गर्नुपर्ने भन्नेसमेत उल्लेख भएको देखिन्छ। पुनरावेदक करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले सवारी साधनको मर्मत खर्च दावी गर्दा उल्लिखित दफा १६ बमोजिम शुरु ह्रास आधार रकम रु.१,४७,०६,७३२।२५ को ७ प्रतिशतले हुने रकम रु.१०,२९,४७१।२६ खर्च दावी गर्नुपर्नेमा रु.१०,८६,८१९।१३ दावी गरेकाले बढी दावी रु.५७,३४७८७ खर्च कट्टी नपाउने भन्ने शुरु कार्यालयबाट भएको निर्णय मुनासिब नै देखिँदा उक्त निर्णयलाई सदर गरेको राजश्व न्यायाधिकरणको फैसला मुनासिब नै देखियो।

२७. स्टाफ भेइकल अन्तर्गतको सवारी साधनहरुको स्वामित्व करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. मा नै रहने भै कम्पनीकै काममा प्रयोग रहेको अवस्थामा उक्त सवारी साधनहरुमा ह्रास खर्च कट्टी हुन नसक्ने भनी भएको शुरु कार्यालयको निर्णय सदर गरी भएको राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण रहेको भन्ने करदाता कम्पनीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा करदाता कम्पनीले Own Your Vehicle scheme अन्तर्गत स्टाफलाई दिइएको सवारी साधनको ह्रास खर्च दावी गरेको रु.२१,७४,४२०।२७ रकम कट्टी नपाउने भनी शुरु कार्यालयबाट निर्णय भएको देखियो। करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.ले Own Your Vehicle scheme अन्तर्गत निश्चित शर्तका अधिनमा रही आफ्ना कर्मचारीहरुलाई सवारी साधन खरिद गरी प्रयोगमा दिने गरेको र सोको स्वामित्व करदातामा नै रहने भनी उक्त सवारी साधन सुविधा सम्बन्धी शर्तमा उल्लेख भएको र सोही अन्तर्गत करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. ले यस आ.व.मा समेत सवारी साधन सुविधामा उपलब्ध गराएको भन्ने देखिन्छ। उक्त सुविधा अन्तर्गत कर्मचारीले पाएको सवारी साधन कर्मचारीले नै निर्वाध रुपमा प्रयोग गर्न सक्ने देखिन्छ। उक्त सवारी साधन करदाताको आय आर्जन गर्ने कार्यमा प्रयोग भएको देखिँदैन। करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. को नाउँमा सवारी साधन रहेको भन्ने मात्र आधारले आफ्नो व्यवसायमा प्रयोग नै नभएको सवारी साधनको ह्रास खर्च कट्टी पाउन सक्ने कुनै कानूनी आधार देखिँदैन। सुरक्षण बापत मात्र आफ्नो स्वामित्व कायम राख्न करदाताको नाउँमा दर्ता कायम राखेको देखियो। कर्मचारीले स्वतन्त्र र निर्वाध रुपमा व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने सवारी साधनमाथि वास्तविक स्वामित्व प्रयोगकर्तामा नै रहने हुँदा उक्त सवारी साधनको प्रयोगबाट करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि.को आय आर्जन सघाउ पुग्न गएको भनी मान्न सकिएन। आयकर ऐन, २०५८ को दफा १९ बमोजिम ह्रास खर्च दावी गर्न आफ्नो स्वामित्वमा रहेको र प्रयोगसमेत गरेको हुनु पर्छ। सो व्यवस्था विपरीत करदाताले उक्त सवारी साधनहरुमा

ह्रास खर्च कट्टी दावी गरेकोमा उक्त कट्टी दावी गर्न नमिल्ने भनी भएको शुरु निर्णय सदर गरी भएको राजश्व न्यायाधिकरणको फैसला अन्यथा देखिन आएन।

२८. अतः माथि उल्लिखित आधार तथा कारण समेतको आधारमा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६८।११।२८ को निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।५।२५ को निर्णयले बढी पेश्की रकम भुक्तानी दिएको र ढुवानी खर्च सम्बन्धमा गरेको निर्णय सो हदसम्म उल्टी हुने तथा असम्बन्धित व्यक्ति तथा फर्मलाई दिएको निर्ब्याजी सापटी, घटी बिक्री देखाएको रकम, मर्मत खर्च र ह्रास खर्च सम्बन्धमा गरेको निर्णय सदर हुने ठहरी राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०६।१५ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक ठुला करदाता कार्यालय हरिहरभवन ललितपुर तथा करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. को पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- हेमा पाण्डे

कम्प्युटर टाईप गर्ने : देबिमाया खतिवडा(देबिना)

इति सम्वत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ....।